# चिलिमे जलविद्युत कम्पनी लिमिटेड

# आर्थिक प्रशासन विनियमावली २०६५ संशोधन

## तीन महले बिवरण:

सञ्चालक समितिको मिति २०७८/१२/१७ गतेको ३९७औं बैंठकबाट स्वीकृत

अनुसूची-२

| साविक ब्यवस्था | संशोधन प्रस्ताव | कारण र औचित्य |
|---|---|---|
| **२९. शिलबन्दी दरभाउपत्र (कोटेशन) द्वारा खरिद गर्ने कार्यविधि:** (१३) उपविनियम (१२) बमोजिमको सूचना प्राप्त गर्ने शिलबन्दी दरभाउपत्रदाताले सो सूचना पाएको मितिले सात दिनभित्र आफूले कबोल गरेको अङ्कको पाँच प्रतिशतले हुने नगद जमानत वा कुनै वाणिज्य बैंक वा वित्तिय संस्थाले जारी गरेको कार्य सम्पादन जमानत (परफर्मेन्स ग्यारेन्टी) पेश गरी खरिद सम्झौता गर्नु पर्नेछ। | (१३) उपविनियम (१२) बमोजिमको सूचना प्राप्त गर्ने शिलबन्दी दरभाउपत्रदाताले सो सूचना पाएको मितिले सात दिनभित्र कार्य सम्पादन जमानत (परफरमेन्स ग्यारेन्टी) पेश गरी खरिद सम्झौता गर्नु पर्नेछ । जमानत दाखिला गर्दा दरभाउपत्रदाताले लागत अनुमान भन्दा पन्ध्र प्रतिशतसम्म कम अङ्क कबुल गरेमा कबुल अङ्कको पाँच प्रतिशत र लागत अनुमानको पन्ध्र प्रतिशत भन्दा बढी घटेर कबुल गरेको अवस्थामा पन्ध्र प्रतिशत भन्दा जति रकमले घटी कबुल गरेको छ सोको पचास प्रतिशतले हुन आउने रकम कबुल अङ्कको पाँच प्रतिशतमा थप गरी कार्यसम्पादन जमानत बापत दाखिला गर्नु पर्नेछ। | सार्वजनिक खरिद ऐन २०६३ को २७ (४) को ब्यवस्था अनुसार |
| **३२. निर्माण व्यवसायीको योग्यताका आधार:** (१) कम्पनीले साठी लाख रुपैयाँ भन्दा बढी रकमको निर्माण कार्य गर्दा गराउँदा त्यस्तो निर्माण कार्यमा समाबेश हुने सम्भावित बोलपत्रदाताको योग्यता वा पूर्व योग्यताको आधार निर्धारण गर्न सक्नेछ। | **उपविनियम (१) देहाय अनुसारले पुनर्लेखन गर्ने:** (१) कम्पनीले योग्यता आवश्यक पर्ने भनी समय समयमा निश्चित गरिएका निर्माण कार्य बाहेक दुई करोड रुपैया भन्दा माथिको निर्माण कार्य सम्वन्धी खरिद कारवाहीमा भाग लिने बोलपत्रदाताको वा पूर्व योग्यताको प्रस्ताबदाताको योग्यताको आधार निर्धारण गरिनेछ। | सार्वजनिक खरिद ऐन, २०६३ को दफा १०(५) बमोजिम सादृश्यता गर्न र कम्पनीको निर्माण कार्य थप प्रभावकारी गर्न। |
| नयाँ उपविनियम थप गर्ने | (६) उपविनियम (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि दुई करोड रूपैयाँ सम्मको लागत अनुमान भएको विद्युत गृह, टर्वाइन, ड्याम, प्रशारण लाइन पुल, विशेष प्रकारको टेवा पर्खाल (Slope Protection), बहुतले भवन, सडक निर्माण वा सिभिल संरचना वचावट कार्यका लागि वोलपत्रदाताको योग्यता वा पूर्वयोग्यताको आधार निर्धारण गर्न सकिनेछ। | सार्वजनिक खरिद ऐन बमोजिम सादृश्यता गर्न र कम्पनीको निर्माण कार्य थप प्रभावकारी गर्न। |

# चिलिमे जलविद्युत कम्पनी लिमिटेड

# आर्थिक प्रशासन विनियमावली २०६५ संशोधन

## तीन महले बिवरणः

सञ्चालक समितिको मिति २०७८/१२/१७ गतेको ३९७औं बैंठकबाट स्वीकृत

| साविक व्यवस्था | संशोधन प्रस्ताव | कारण र औचित्य |
|---|---|---|
| ३५. **निर्माण व्यवसायीको योग्यताका आधारः**<br>(२) उपविनियम (१) बमोजिम बोलपत्रद्वारा खरिद गर्दा पूर्व योग्यता निर्धारण गरी वा नगरी खुल्ला रूपमा बोलपत्र आव्हान गर्न सकिनेछ ।<br>तर साठ्ठी लाख रूपयाँ भन्दा कम लागत अनुमान भएको निर्माण कार्य खरिद गर्दा कुनै योग्यता निर्धारण गर्न आवश्यक पर्ने छैन । | देहायको प्रतिबन्धात्मक वाक्यांश हटाउनेः<br>“तर साठ्ठी लाख रूपयाँ भन्दा कम लागत अनुमान भएको निर्माण कार्य खरिद गर्दा कुनै योग्यता निर्धारण गर्न आवश्यक पर्ने छैन ।” | विनियम ३२ को व्यवस्था लागू गर्न प्रतिवन्धनात्मक वाक्याश हटाउनु पर्ने । |
| ४९ **निर्माण कार्यको बोलपत्रको विशेष मूल्यांङ्कनः**<br>(३) उपविनियम (२) बमोजिम स्पष्टिकरण मागिएकोमा त्यस्तो स्पष्टिकरण सन्तोषजनक नभएमा सो बोलपत्र अस्वीकृत गर्न वा थप कार्य सम्पादन जमानत लिई स्वीकृत गर्न सकिनेछ । | (३) उप-विनियम (२) बमोजिम स्पष्टिकरण मागिएकोमा त्यस्तो स्पष्टिकरण सन्तोषजनक भएमा त्यस्तो वोलपत्रदातासँग निजको कवोल अंकको आठ प्रतिशतले हुने रकम बरावरको थप कार्यसम्पादन जमानत लिई वोलपत्र स्वीकृत गर्न सकिने छ र स्पष्टिकरण सन्तोजनक नभएमा त्यस्तो बोलपत्र अस्वीकृत गर्न सकिने छ । | सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६५(३) बमोजिम सादृश्यता गर्न । |
| ५४. **जमानत लिनेः**<br>(१) ठेक्का सम्झौता गर्नुअघि बोलपत्रदातासँग ठेक्का रकमको (५%) (पाँच प्रतिशत) बराबरको रकमको बोलपत्रमा तोकिएको ढाँचामा जमानत स्वरुप कार्यसम्पादन जमानत (परफरमेन्स बण्ड) लिनुपर्नेछ । | (१) ठेक्का सम्झौता गर्नुअघि न्यूनतम मूल्यांकित बोलपत्रदातासँग वोलपत्रमा तोकिएको ढाँचामा जमानत स्वरूप कार्यसम्पादन जमानत (परफरमेन्स वण्ड) लिनुपर्नेछ । यसरी जमानत लिंदा बोलपत्रदाताले लागत अनुमान भन्दा पन्ध्र प्रतिशतसम्म कम अङ्क कबुल गरेमा कबुल अङ्कको पाँच प्रतिशत र लागत अनुमानको पन्ध्र प्रतिशत भन्दा बढी घटेर कबुल गरेको अवस्थामा पन्ध्र प्रतिशत भन्दा जति रकमले घटी कबुल गरेको छ सोको पचास प्रतिशतले हुन आउने रकम कबुल अङ्कको पाँच प्रतिशतमा थप गरी कार्यसम्पादन जमानत बापत दाखिला गर्नु पर्नेछ । | सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७(४) बमोजिमको सादृश्यता गर्नुपर्ने भएकोले थप गरिएको । |
| | | |

# चिलिमे जलविद्युत कम्पनी लिमिटेड

# आर्थिक प्रशासन विनियमावली २०६५ संशोधन

## तीन महले बिवरण:

सञ्चालक समितिको मिति २०७८/१२/१७ गतेको ३९७औं बैंठकबाट स्वी्कृत

| साविक व्यवस्था | संशोधन प्रस्ताव | कारण र औचित्य |
|---|---|---|
| (२) उप-विनियम (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि कुनै उपकरण, मालसामान वा निर्माणको लागि बोलपत्रमा मुख्य मुख्य आईटमहरुको प्रस्तावित एकाइ मूल्य लागत अनुमान भन्दा कम भई कार्यसम्पादन गर्न कठिनाई हुने कम्पनीलाई लागेमा त्यसको लागी कम्पनीले थप कार्यसम्पादन जमानत (परफरमेन्स बण्ड) माग गर्नसक्ने छ।<br>(३) उप-विनियम (२) अनुसार लिइएको परफरमेन्स बण्ड सम्बन्धित आईटमको कार्य प्रगतीको आधारमा फुकुवा गर्न सकिने छ। | (२) र (३) हटाउने | संशोधित दफा ४९ मा यो आवश्यकता अनुसारको व्यवस्था गरिएकोले हटाउनु पर्ने। |
| ६०) **<u>खरिद सम्झौताको म्याद थप गर्नेः</u>**<br>(१) यस विनियमावली बमोजिम अनुबन्धित खरिद सम्झौता अनुसार निर्धारित अवधिभित्र खरिद सम्झौता अनुसारको कार्य पुरा गर्न नसकेमा पर्याप्त प्रमाणको आधारमा कम्पनीलाई थप आर्थिक दायित्व नपर्ने गरी अधूरो कार्य पूरा गर्न कार्यकारी प्रमुखले यथोचित अवधिको म्याद थप गरी खरिद सम्झौताको अवधि बढाउन सक्नेछ। म्याद थप गर्दा आर्थिक दायित्व पर्ने भएमा सञ्चालक समितिको स्वीकृति लिएर मात्र म्याद थप गरिनेछ।<br>तर, ठेकेदारको आफ्नै व्यवस्थापनको कमजोरी वा असावधानीले गर्दा खरिद सम्झौताको अवधिभित्र खरिद सम्झौता अनुसारको कार्य सम्पन्न नभएमा ठेकेदारसँग त्यस्तो बढी अवधि लगाए वापत आर्थिक हर्जाना वा क्षतिपूर्ति असूल–उपर गर्नुपर्नेछ। | (१) कावू वाहिरको परिस्थिति परी वा अन्य मनासिव कारणबाट निर्धारित अवधि भित्र खरिद सम्झौता अनुसार कार्य पूरा हुन नसकेमा पर्याप्त प्रमाणको आधारमा कम्पनीलाई थप आर्थिक दायित्व नपर्ने गरी अधूरो कार्य पूरा गर्न कार्यकारी प्रमुखले यथोचित अवधिको म्याद थप गरी खरिद सम्झौताको अवधि बढाउन सक्नेछ।<br>तर, ठेकेदारको आफ्नै व्यवस्थापनको कमजोरी वा असावधानीले गर्दा खरिद सम्झौताको अवधिभित्र खरिद सम्झौता अनुसारको कार्य सम्पन्न नभएमा ठेकेदारसँग त्यस्तो बढि अवधि लगाए वापत आर्थिक हर्जाना वा क्षतिपूर्ति असूल–उपर गर्नुपर्नेछ। | सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५६(२) बमोजिम सादृश्यता गर्न। |

# चिलिमे जलविद्युत कम्पनी लिमिटेड
# आर्थिक प्रशासन विनियमावली २०६५ संशोधन
## तीन महले बिवरणः

सञ्चालक समितिको मिति २०७८/१२/१७ गतेको ३९७औं बैंठकबाट स्वीकृत

| साविक व्यवस्था | संशोधन प्रस्ताव | कारण र औचित्य |
|---|---|---|
| (२) उपविनियम (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि काबू बाहिरको परिस्थिति परी, कम्पनीले उपलब्ध गराउनु पर्ने कुरा समयमा उपलब्ध गराउन नसकेमा वा अन्य मनासिब कारणबाट खरिद सम्झौताको अवधि नबढाई नहुने भएमा सम्झौता गर्ने व्यक्तिको निवेदनको आधारमा आवश्यकता अनुसार कार्यकारी प्रमुखले बढीमा तीन महिना र सो भन्दा बढी भएमा सो को अबधि सञ्चालक समितीले बढाउन सक्नेछ। | (२) म्याद थपका लागि संझौता प्राप्त गर्ने व्यक्तिले कारण खुलाइ खरिद सम्झौताको म्याद सकिनु कम्तिमा एक्काइस दिन अगावै कम्पनीमा म्याद थपका लागि निवेदन दिनु पर्ने छ।<br>(३) यस विनियममा जुन सुकै कुरा लेखिएको भएतापनि विनियम ६१ बमोजिम खरिद कार्यमा परिवर्तन गर्दाको अवस्थामा वाहेक शुरू सम्झौताको पचास प्रतिशत भन्दा बढि हुने गरी म्याद थप गर्न पाइने छैन।<br>(४) उप-विनियम (३) बमोजिम थपिएको अवधिमा समेत विशेष परिस्थिति परी वा कम्पनीले उपलब्ध गराउनुपर्ने जग्गा तथा मालसामान उपलब्ध नगराएको कारणले संझौता बमोजिमका काम सम्पन्न गर्न नसकेकोमा हाल त्यस्तो काम सम्पन्न हुने सुनिश्चितता देखिएमा कम्पनीलाई थप आर्थिक भार नपर्ने गरी प्रमुख कार्यकारी अधिकृतले आवश्यकता अनुसार म्याद थप गर्न सक्ने छ। यसरी गरिएको म्याद थप वारेको जानकारी सञ्चालक समितिलाई गराउनुपर्दछ। | साविकको उप-विनियम २ हटाउने र नयाँ उपविनियमहरू (२),(३) र (४) थप गरिएको। |
| ६१) **<u>खरिद कार्यमा परिवर्तनः</u>**<br>(१) प्राविधिक वा अन्य कुनै कारणबस बोलपत्र वा खरिद सम्झौतामा उल्लेखित कार्यमा थपघट वा हेरफेर गर्न उपयुक्त देखिन आएमा कार्यकारी प्रमुखले आफूले सदर गरेको ठेक्का सम्झौताको अधिकतम २०% (बीस प्रतिशत) सम्म सम्झौता रकममा घटाउने वा बढाउने गरी खरिद सम्झौता अनुसारको कार्यमा परिवर्तन गर्न सक्नेछ। तर सो रकम भन्दा बढी खरिद | ६१) **<u>खरिद कार्यमा परिवर्तनः</u>**<br>(१) प्राविधिक वा अन्य कुनै कारणबस बोलपत्र वा खरिद सम्झौतामा उल्लेखित कार्यमा थपघट वा हेरफेर गर्न उपयुक्त देखिन आएमा कार्यकारी प्रमुखले ठेक्का सम्झौताको अधिकतम १५% (पन्ध्र प्रतिशत) सम्म सम्झौता रकममा घटाउने वा बढाउने गरी खरिद सम्झौता अनुसारको कार्यमा परिवर्तन गर्न सक्नेछ। | सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४ बमोजिम सादृश्यता गर्न। |

# चिलिमे जलविद्युत कम्पनी लिमिटेड

# आर्थिक प्रशासन विनियमावली २०६५ संशोधन

## तीन महले बिवरणः

सञ्चालक समितिको मिति २०७८/१२/१७ गतेको ३९७औं बैंठकबाट स्वीकृत

| साविक ब्यवस्था | संशोधन प्रस्ताव | कारण र औचित्य |
|---|---|---|
| सम्झौताको रकममा घटिबढी हुने गरी कार्य परिवर्तन गर्नु परेमा सञ्चालक समितीको स्विकृति लिई मात्र गर्न सकिनेछ। | (२) तर १५% (पन्ध्र प्रतिशत) भन्दा बढी खरिद सम्झौताको रकममा घटिबढी हुने गरी कार्य परिवर्तन गर्नु परेमा सञ्चालक समितिको स्वीकृति लिई मात्र गर्न सकिनेछ।<br>(३) २५% (पच्चीस प्रतिशत) भन्दा बढि खरिद सम्झौताको रकममा घटिबढी हुने गरी कार्य परिवर्तन (भेरिएसन अडर) जारी गर्नु परेमा सञ्चालक समितिले विशेषज्ञहरूको समूह गठन गरी सो समूह मार्फत आवश्यक जाँचवूझ गरी प्राप्त सिफारिशको आधारमा भेरिएसन अडर जारी गर्न सक्नेछ। | |